# मालिका गाउँपालिका व्यवसायिक ऋणको लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७७

*स्वीकृत मिति २०७७/४/२०*

**प्रस्तावना :** कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरण मार्फत स्वरोजगारी वृद्धि गरी दिगो एवं आत्मनिर्भर बनाउनुका साथै गाउँपालिका भित्रका औद्योगिक सम्भावनाहरुको सही उपयोग गरी उद्योगको क्षेत्रमा गाउँपालिका भित्रका नागरिकहरुलाई सहज, सरल र सुलभ वित्तीय पहुँच पुऱ्याई ऋणमा ब्याज अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यवसायिक ऋणको लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "आवेदक" भन्नाले व्यवसायिक ऋणको लागि ब्याज अनुदान वितरण कार्यक्रममा सहभागी हुन ईच्छुक भई प्रस्ताव पेश गर्ने, कृषक, फर्म, कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थालाई सम्झनुपर्छ ।

ख) "ऋण प्रवाह गर्ने संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट बित्तीय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्था भन्ने सम्झनुपर्छ ।

ग) "स्थानीय तह" भन्नाले मालिका गाउँपालिका भन्ने सम्झनुपर्छ ।

घ) "कार्यपालिका" भन्नाले मालिका गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

ङ) "फर्म वा कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई संचालनमा रहेको फर्म वा कम्पनी सम्झनुपर्छ ।

च) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनुपर्छ ।

## परिच्छेद -२

**कार्यक्रम संचालनको उद्देश्य**

३. **उद्देश्यः** यो कार्यक्रम संचालनको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

क) गाउँपालिका भित्रका नागरिकलाई सहज, सरल र सुलभ रुपमा वित्तीय पहुँचको सुनिश्चितता गरी स्वरोजगारीका अवसर प्रदान गराउने ।

ख) यूवावर्गलाई व्यवसायिक कृषि तथा पशु साथै उद्योग क्षेत्रमा आकर्षित गरी रोजगारी तथा आय आर्जनमा बृद्धि गर्न व्यवसायिक ऋणमा ब्याज अनुदान उपलब्ध गराउने ।

ग) कृषिमा लगानी वृद्धि गरि आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणमा जोड दिने ।

घ) गाउँपालिका भित्रका औद्योगिक संभावनाहरुको सहज रुपमा उपयोग गर्ने ।

ड.) गाउँपालिका भित्र पूँजीको उत्पादनमूलक क्षेत्रमा परिचालन गराउने ।

## परिच्छेद -३

**कार्यक्रम संचालन सम्बन्धी व्यवस्था**

४. **कार्यक्रम संचालन प्रक्रिया** : (१) यो कार्यक्रम गाउँपालिकाबाट संचालन हुनेछ । यसको सहजिकरण व्यवसायको प्रकृति अनुसार सम्बन्धित क्षेत्रका विज्ञ मार्फत हुनेछ ।

२) अनुसुची-७ बमोजिमको व्यवसाय गर्ने आवेदकलाई प्रतिस्पर्धाका आधारमा छनौट गरी कम्तीमा ५० हजार रुपैया र बढीमा ७ लाख रुपैया सम्मको ऋणमा दफा ११ को उपदफा (२) बमोजिम ब्याजमा अनुदान उपलब्ध गराइनेछ ।

३) उपदफा २ बमोजिमको ब्याज अनुदान एक वर्षका लागि उपलब्ध गराइनेछ ।

४) यस प्रकृतिको सुविधा प्राप्त गरिसकेको आवेदक वा सोही व्यवसायको लागि कुनै पनि निकायबाट अनुदान प्राप्त गरिसकेको आवेदकलाई दोहोरो सुविधा हुनेगरी ब्याज अनुदान उपलब्ध गराइने छैन ।

५) ब्याज अनुदान कार्यक्रम सूचना प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

५. **सूचना प्रकाशनः** (१) गाउँपालिकाले कार्यक्रम संचालनको लागि अनुसुचि-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक आवेदकले तोकिएको समयभित्र अनुसुची-२ बमोजिमको कागजातहरु तथा अनुसुची-३ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव संलग्न राखि दर्ता गर्नुपर्नेछ ।

६.**प्रताव मूल्याङ्कन, छनौट र सम्झौता** : (१) दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन तथा छनौट समितिले अनुसुची-४ मा तोकिएको मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ ।

२) मूल्याङ्कन गर्दा बढी अंक प्राप्त गर्ने प्रस्तावहरु वरियताक्रमका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही छनौट गरिनेछ ।

३) छनौट भएका आवेदकसँग गाउँपालिकाले अनुसुची-६ बमोजिम सम्झौता गर्नेछ ।

४) छनौट भएका आवेदकले गाउँपालिकाले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरी सम्झौताअनुरुप कार्य नगरेमा तुरुन्त रद्द गरि वैकल्पिक प्रस्तावकलाई छनौट गर्न सक्नेछ ।

७. **ऋण प्रवाह गर्ने संस्थाको छनौट र ऋण प्रवाह :** १) बैंक तथा वित्तीय संस्थाको छनौटको लागि अनुसुची (...) बमोजिम सूचना प्रकाशन गरिनेछ ।

२) उपदफा १ बमोजिमको सूचना बमोजिम इच्छुक बैंक तथा वित्तीय संस्थाले आफूले उपलब्ध गराउन सक्ने अधिकतम ऋण, पूँजी र ब्याजको न्यूनतम प्रतिशत खुलाइ गोप्य रुपमा आवेदन पेश गर्नुपर्नेछ। प्रतिस्पर्धाको आधारमा  बैंक तथा वित्तीय संस्था छनोट गरिनेछ ।

८. **ब्याजदर एवं शर्त :** १) ऋण प्रवाह गर्ने संस्थाबाट ऋणको ब्याज भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइने छैन ।

९) **धितो सुरक्षण**: **उपदफा १**: ऋण प्रवाह गर्ने संस्था र गाउँपालिकाको संयुक्त जवाफदेहितामा धितो सुरक्षण गरिनेछ । धितो सुरक्षणमा ऋण प्रवाह गर्ने संस्थाको निर्णयलाई आधार मानिनेछ ।

**उपदफा २**: उपदफा १ बमोजिम धितो सुरक्षण गर्ने लाभग्राहीले धितो सुरक्षणको आवश्यक पहल आफै गर्नुपर्नेछ । धितो सुरक्षणको लागि आवश्यक पहल वा कागजात जुटाउन नसक्ने लाभग्राहीलाई ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई बाध्य पारिने छैन ।

१०) **ऋणको प्रवाह**: **उपदफा १**: ऋणको प्रवाह गर्दा लाभग्राहीको कम्तिमा २५ प्रतिशत लगानी सुनिश्चित देखिने गरी बाँकी ७५ प्रतिशत बराबरको परियोजनाको सञ्चालनको लागि ऋण प्रवाह गरिनेछ । उदाहरणको लागि १ लाख ऋण रकम माग गर्दा २५ प्रतिशत लगानी लाभग्राहीको समेत देखिने गरि १ लाख २५ हजारको परियोजना सञ्चालन हुनेछ ।

**उपदफा २**: उपदफा १ बमोजिम प्रवाह गरिने ऋण, ऋण प्रवाह गर्ने संस्थाले एकमुष्ठ रुपमा एकैपटक वा किस्ताबन्दिमा समेत प्रदान गर्न सक्नेछ ।

११) **ऋणको चुक्ता: उपदफा १:** ऋणको चुक्ता गराउने जिम्मेवारी स्वयं ऋणीको हो । ऋण प्रवाह गर्ने संस्थाले उपलब्ध गराएको ऋण चुक्ता तालिका बमोजिम ऋण चुक्ता गर्दै जानु पर्दछ । ऋण चुक्ता तालिका बमोजिम ऋण चुक्ता नगर्ने लाभग्राहीलाई गाउँपालिकाले ब्याज रकम उपलब्ध गराउन सक्ने छैन। साथै त्यस्ता लाभग्राहीलाई प्रचलित कानून बमोजिम कारवाही गर्नमा ऋण प्रवाह गर्ने संस्थालाई कुनै बाधा रहने छैन ।

१२. **ऋण प्रवाह गर्ने संस्थाको काम, कर्तव्य र अधिकार** : १) यस कार्यविधि कार्यान्वयनको लागि ऋण प्रवाह गर्ने संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको निर्देशन साथै गाउँपालिका संगको सम्झौता बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

२) ऋणको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार सदुपयोगिता निरिक्षण गरी सोको अभिलेख अद्यावधिक गरि राख्नु पर्नेछ ।

१३. **कार्यक्रम मूल्याङ्कन तथा छनौट समिति :** १) दफा ५ को उपदफा (२) बमोजिम दर्ता हुने आवेदनहरुको मूल्याङ्कन तथा छनौटको लागि देहायबमोजम को समिति रहनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) प्रतिनिधि, वडा अध्यक्ष (सम्वन्धित वडाको छनौट गर्दा) | सदस्य |
| ङ) प्रमुख, योजना शाखा | सदस्य सचिव |

२) समितिले प्रस्तावहरुको मूल्याङ्कन गरि छनौट गर्ने र प्राविधिक/व्यवस्थापकीय कार्यहरु गर्नेछ ।

३) समितिले आवश्यकता अनुसार विषय बिशेषज्ञ, ज्ञान केन्द्र/विज्ञ केन्द्र प्रमुख वा अन्य कर्मचारी बढिमा ३ जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१४. **ब्याज अनुदान भुक्तानी सम्बन्धि व्यवस्था** : १) दफा ८ को अधिनमा रही ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको ब्याजको शत प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

२) ब्याज अनुदान उपलब्ध गराउँदा उपदफा (१) बमोजिम वा ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको ब्याजदरमा जुन कम हुन आउँछ सोही बमोजिम मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ ।

३) उपदफा (२) बमोजिमको ब्याज अनुदान कार्यप्रगतिको आधारमा बढीमा ४ किस्तामा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

४) यसरी ब्याज अनुदान प्राप्त गर्नको लागि आवेदकले पेश गरेको व्यवसायिक योजना बमोजिमको कार्यहरु सम्पन्न गरी त्रैमासिक रुपमा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्रैमासिक प्रतिवेदन नदिने आवेदकको ब्याज तिर्न गाउँपालिका बाध्य हुने छैन ।

५) प्राविधिकको स्थलगत निरीक्षण, प्रतिवेदन र ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको ब्याज रकम खुल्ने प्रमाणको आधारमा उपदफा (२) बमोजिम ब्याज अनुदान उपलब्ध गराइनेछ ।

६) यदि आवेदकले लिएको ऋणको स्वयंले ब्याज भुक्तानी गरेको भएमा सोको सोधभर्ना दिन सकिनेछ तर यसरी सोधभर्ना दिंदा ऋण प्रवाह गर्ने संस्था मार्फत भुक्तानी दिईनेछ ।

## परिच्छेद -४

## विविध

**१५. व्यवसायको बिमा सम्बन्धी व्यवस्था :** १) यस कार्यविधि बमोजिम ऋण लिने आवेदकले ३ लाख भन्दा बढीको परियोजनाको अनिवार्य बिमा गर्नुपर्नेछ । बिमा सम्बन्धि अन्य व्यवस्था प्रचलित नियमानुसार हुनेछ ।

**१६. कार्यसम्पन्न प्रतिवेदन पठाउनु पर्ने :** अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**१७. अनुगमन तथा मूल्याङ्कन :** गाउँपालिका वा गाउँपालिकाले खटाएको व्यक्ति, फर्म वा कम्पनी बाट समेत नियमित अनुगमन तथा निरिक्षण गर्न सकिनेछ ।

**१८.बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

**१९. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा भएको व्यवस्था यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. असुल उपर हुने :** यस कार्यविधि बमोजिम ब्याज अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको वा ब्याज अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**२१. कार्यविधि संशोधन :** यस कार्यविधिमा गाउँपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ । तर दफा ४ को उपदफा २, दफा ८ र दफा १४ संशोधन गर्नुपरेमा गाउँकार्यपालिकाले निर्णय गर्नेछ ।

## अनुसुची -१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**व्यवसायिक ऋणमा ब्याज अनुदान वितरण कार्यक्रम सम्बन्धित प्रस्ताव आव्हानको सूचना**

मितिः

श्री जो जस सङ्ग सम्बन्धित छ ।

विषयः व्यवसायिक प्रस्तावना पेश गर्नुहुन ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ व ०७७/७८ को कार्यक्रम अन्तर्गत कृषि पशु तथा उद्योग क्षेत्रमा व्यवसायिक रुपमा काम गर्न इच्छुक कोभिड १९ वाट वैदेशिक रोजगार गुमायका तथा वेरोजगार तर उद्मशिल युवा जनशक्तिलाइ व्यवसायिक ऋणका लागि व्याज अनुदान कार्यविधि २०७७ बमोजिम विना व्याजमा ५० हजार देखि ७ लाख रुपैया सम्म ऋणको लागि व्याज अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र व्यवसायिक ऋणका लागि व्याज अनुदान कार्यविधि २०७७ को अनुसूची २ बमोजिमका आवश्यक कागजात सहित यस गाउँपालिकामा व्यवासायिक प्रस्तावना पेश गर्नुहुन अनुरोध छ । ( थप जानकारीको लागि मालिका गाउँपालिकाको **website** [www.malikamungulmi.gov.np](http://www.malikamungulmi.gov.np) मा हेर्न वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।)

प्रमुख प्रशासकीय अधिकृत

## (कर्जा उपलब्ध गराउने सम्वन्धि सूचना)

## व्यवसाय कर्जा उपलब्ध गराउनको लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना।

**प्रथम पटक प्रकाशित मितिः**

मालिका गाउँपालिकाको आ.व.२०७७/७८ को स्वीकृत कार्यकम अनुसार वैङ्क तथा वित्तिय संस्था मार्फत प्रवाह गरिने ऋणको लागि व्याज अनुदान कार्यक्रम अन्तर्गत कृषि,पशु तथा उद्योग क्षेत्रमा ऋण उपलब्ध गराउन ईच्छुक बैङ्क तथा वित्तिय संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु सहित आफुले उपलब्ध गराउने ऋणको न्युनतम मासिक ब्याजदर र

अधिकतम ऋण प्रवाह गर्न सक्ने रकम खुलाई गोप्य सिलबन्दी रुपमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि, मालिका गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मी।

सम्पर्क नं.

वेव साईट www.malikamungulmi.gov.np

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची -२**
**(दफा ५ को उपदफा (२) संग सम्बन्धित)**
**आवेदन फारम तथा संलग्न कागजातहरु**

श्री गाउँपालिकाको कार्यालय,
मालिका गाँउपालिका, अर्खावाङ्ग, गुल्मी ।

**विषयः व्यावसायिक ऋणमा ब्याज अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा तहाँ गाँउपालिकाबाट मिति २०../../.. गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने कृषि ऋणको ब्याज अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिल बमोजिमका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु ।

तपशिल :

१। नेपाली नागरिकताको प्रतिलिपि
२। अनुसुची-३ अनुसारको व्यावसायिक योजना सहितको प्रस्ताव
३। वडा कार्यालयको सिफारिस पत्र
४। फर्म, कम्पनी, समूह, सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको नवीकरण र करचुक्ता प्रमाणपत्र
५। समुदाय घर छिमेकका कम्तिमा ५ जना व्यक्तिले निजको आचरण, इमान्दारिता सवै ठिक छ भन्ने अनुसूची ८ बमोजिम चारित्रिक मुचुल्का ।
६। कार्यक्रम संचालनको लागि तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको प्रमाणित कागजातहरु ।

७। अन्य प्रमाणपत्रहरु (तालिम अनुभव, शैक्षिक योग्यता, लालपुर्जाको प्रतिलिपि) ।

८। जग्गा करारमा लिई व्यावसाय गरेको अवस्थामा न्युनतम १० बर्ष करार सम्झौताको प्रतिलिपि ।

९। प्रतिनिधि मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा आवेदक संस्थाले जिम्मेवारी तोकिएको व्यक्तिलाई अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपि ।

१०। समूह/सहकारी वा दुईभन्दा बढि स्वामित्वको कम्पनी/फर्मको हकमा विषयसँग सम्बन्धित निर्णयको प्रतिलिपि ।

११। यस प्रकृतिको सुविधा अन्य निकायबाट प्राप्त नगरेको र दोहोरो सुविधा नलिने/नलिएको आवेदकको स्वघोषणापत्र ।

**निवेदकको**

नाम :. . .. . . . . . .. . . . . . .. .

दस्तखतः. . . . .. . . . . . .. . . .

ठेगाना :. . . .. . . . . . .. . . . . .

फोन नं. : .. . . . .. . . . . .. . . . . ..

## अनुसुची - ३

## दफा (५) को उपदफा (२) सँग सम्बन्धित

## संक्षिप्त व्यवसायिक कार्ययोजना

१. व्यवसायिक फार्म/कम्पनी/संस्था/समूह/सहकारीको नाम :

२. ठेगाना : गाउँ/टोल :

३. व्यवसाय संचालन गरिने स्थान :

४. कार्यक्रम संचालन हुने क्षेत्रफल/आकार :

५. परियोजनाको पृष्ठभूमी :

६. परियोजनाको उद्देश्य :

७. व्यवसायिक योजना :

- उत्पादन योजना : के कति उत्पादन हुन्छ, उल्लेख गर्ने
- बजार योजना : कहाँ लगेर कसरी बेचबिखन गर्ने हो, उल्लेख गर्ने
- संगठन तथा व्यवस्थापन योजना : कति  कामदार, कर्मचारी; योजना रेखदेख; सुरक्षा व्यवस्था

- वित्तीय योजना : लगानीको श्रोत के कसरी जुटाउने र के-कति नाफा नोक्सान हुन्छ उल्लेख गर्ने

८. अपेक्षित प्रतिफल : योजनाबाट के प्राप्त हुन्छ, उल्लेख गर्ने ।

९. लागत बजेट (टेवल बनाएर पेश गर्ने) यसमा कति समयमा लगानी उठाउने र कति समयको लागि ब्याज अनुदान माग गरेको हो सो समेत उल्लेख गर्ने ।

१०. योजनाको दिगोपना (पछि सम्म योजना निरन्तरता दिने सुनिश्चितता)

११. नविन सोंच केहि भए उल्लेख गर्नुहोस् : नयाँ विशेष केही हुने भए उल्लेख गर्ने

१२. प्रस्तावक संस्थाले व्यवसायिक योजनामा सम्पर्क व्यक्तिको नाम-थर, ठेगाना, मिति उल्लेख गरि दस्तखत गर्नुपर्नेछ ।

नोट : यसलाई आधार बनाएर थप/घट गरि प्रस्ताव राख्न सकिने छ । साथै प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा राख्न सकिने छ ।

## अनुसुची -४

### दफा (६) को उपदफा (१) सँग सम्बन्धित

### व्यवसायिक ऋणमा व्याज अनुदानको लागि प्रस्तावको मूल्याङ्कन मापदण्ड

१. व्यवसायको लागि भौगोलिक तथा वातावरणीय र भौतिक पूर्वाधारको उपयुक्तता: **(२० अंक)**

२. आवेदकको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा वा करार गरी लिएको योजनाको लागि यथेष्ट जग्गा भएको खण्डमा: **(२० अंक)**, र जति जग्गा कम हुन्छ सोही अनुपातमा कम अंक ।

३. मूल्याङ्कन समितिले निजले अनुदानको सहि उपयोग गर्न सक्दछ भन्ने कुरामा विश्वास भएमा: **(१० अंक)**

४. ऋण लगानी गर्ने बैंक वा वित्तीय संस्थाले गरेको धितो मूल्याङ्कनबाट निजले ऋणको सहि परिचालन गर्न सक्ने पर्याप्त आधार सहितको प्रमाण देखिएमा: **(२५ अंक)**

५.समुदायको चारित्रिक सर्जमिन मूचुल्काको आधारमा निज नैतिकवान, इमान्दार, जिम्मेवार र उत्तरदायी छ भन्ने कुरा यथेष्ट खुलेमा: **(२५ अंक)**

## अनुसुची - ५

## दफा ५ को उपदफा (३) सँग सम्बन्धित

## ऋण प्रवाह गर्ने संस्थाले पेश गर्ने पत्रको नमूना

मिति :. . . . . . .. . .

श्री मालिका गाउँपालिका,

गुल्मी ।

**विषय :** ऋणको लागि उपलब्ध गराउन सक्ने ब्याजदरको विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति २० . ./../.. गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने ऋण ब्याज अनुदान कार्यक्रम संचालन गर्ने सम्बन्धमा यस संस्थाले प्रदान गर्ने ऋणमा प्रचलित नियमानुसार तपशिल बमोजिमको ब्याजदरमा प्रदान गर्न सकिने व्योहोरा अनुरोध छ ।

ऋण प्रवाह गर्ने संस्थाको:

नामः. . . . . .. . . . . .. .

ठेगानाः. . . . . . .. . . . .

छापः .. . . . . .. . . . . .. .

**तपशिल :**

(कृषि ऋणको लागि व्याजदर लगायथतको सम्पूर्ण विवरण उल्लेख गर्ने)

. .. . . . . .. . . . . . . . .. . . . . .

## अनुसुची -६

## दफा (६) को उपदफा (३) सँग सम्बन्धित

## सम्झौता -पत्र

श्री मालिका गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र . . . .. . . . .जिल्ला, .. . . . . .. . गा.पा. ⁄ न.पा, वडा न.. . . . .. . को . . . . . .. मा संचालनमा रहेको . . . .. . . . .. . . . .. ( नाम) यस पछि दोश्रो पक्ष भनिने) बीच साझेदारी ⁄ सहकार्यमा आ.व. . .. . . . . . .. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ऋणमा ब्याज अनुदान कार्यक्रम संचालन गर्न तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं ⁄ दियौं ।

**तपशिल :**

१. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ । तर ऋणको व्याज अनुदान रकम ऋण स्विकृत भएको मिति बाट भुक्तान गरिनेछ ।

२. दोश्रो पक्षले कार्ययोजना अनुरुपको कार्यहरु सम्झौता भएको मितिले . . . . . .दिन भित्र शुरु गर्नुपर्नेछ ।

३. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यप्रगतिको आधारमा व्याज अनुदानको रकम बढीमा ३ किस्तामा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा उपलब्ध गराउने छ । व्याज अनुदानको रकम बढीमा रु .. . . . . हुनेछ ।

४) किस्तामा भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

५) सोधभर्ना दिनुपर्ने भएमा वा अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकले कार्य सम्पन्न मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ । प्रथम पक्षबाट रीतपूर्वक सम्पूर्ण प्रतिवेदन प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाइनेछ ।

६) ब्याजमा अनुदान रकम कम गर्दा सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको ब्याज रकम खुल्ने प्रमाण पेश गर्नुपर्नेछ ।

७) सम्झौता लागू हुने मिति ⁄ अवधि

८) भुक्तानी अवस्था

| **प्रथम पक्ष** | **दोश्रो पक्ष (अनुदानग्राही)** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पद : | पदः |
| संस्थाको छाप : | फोन नं. |

## अनुसुची-७
## दफा (४) को उपदफा (२) सँग सम्बन्धित
## ऋणको लागि ब्याज अनुदान उपलब्ध हुने व्यवसायहरु

### क) कृषि तथा पशुपालन

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

२. बीउ बिजन, उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण

३. पशुपन्छीपालन, लोकल कुखुरा, कालिज, अष्ट्रिच, टर्की र हाँसपालन, सो को मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण

४. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्रि वितरण

५. दुग्ध उत्पादन, प्रशोधन र बिक्रि वितरण

६. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्रि वितरण

७. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण

८. व्यवसायिक बाख्रापालन, मौरीपालन, गाईपालन, बंगुर पालन

९. पशु वधशाला, मासुजन्य उत्पादन, सो को भण्डारण, प्रशोधन तथा बिक्रि वितरण

१०. आलुखेती, खाद्यान्न बालीउत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

११. उखु, कफि, चिया, अलैची, अदुवा, बेसार, सूर्यमूखी खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्रि वितरण

१२. कोदो, जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्रि वितरण

१५. दलहन बालिको उत्पादन, प्रशोधन र बिक्री वितरण

१६. प्राङ्गरीक तथा जैवीक मल, जैविक विषादी निर्माण/उत्पादन

१७. पशुपन्छीजन्य उद्योग

१८. भेडा, च्याङग्रा र चौरी जस्ता संरक्षणको आवश्यकता रहेका पशुपन्छीको व्यवसायिक उत्पादन

१९ कृषि वन प्रणालीमा समाविष्ट व्यवसायहरु

**ख) औद्योगिक क्षेत्र**

१. होटल, मोटल, रिसोर्ट, होमस्टे लगायतका पर्यटकीय तथा व्यवसायिक उद्योगहरु

२. मिनरल वाटर उद्योग, ढुङ्गा उद्योग, चुनढुङ्गा उद्योग, कृषिजन्य उत्पादनबाट संचालित उद्योग : गुन्द्रुक, चिप्स, जुस लगायतका घरेलु उद्योगहरु

३. जडिबुटि अनुसन्धान तथा प्रशोधन केन्द्र संचालन र व्यवस्थापन

अनुसुचि८-

<u>चारित्रिक मुचुल्का</u>

श्री मालिका गाउँपालिकामा गुल्मी वडा नं ............ मा बस्ने श्री .................... को नाती श्री ...................................को छोरा वर्ष .........को श्री .................... जाने बुझे सम्म निजको नैतिक आचरण ठिक छ निजले विगतमा समालाई गाउँपालिका बाट प्रदान गरिने व्यवसायीक ऋणको लागि व्याज अनुदान कार्यक्रममा सहभागि बनाउँदा जुन उद्धेश्यले ऋण लिइएको हो सो उद्देश्य पुरा गर्ने छ । भन्ने कसम हामी विश्वस्त छौं । निजले ऋण उपलब्ध गराएको समयबाट प्रदान गरिएको ऋण चुक्ता तालिम बमोजिम ऋण चुक्ता गर्दै जने छ यदि ऋण चुक्ता नगरेमा

निजको जाय ज्याथा बाट ऋण चुक्ता गराउनमा हामी मन्जुर छौं । उद्देश्य अनुसार ऋण परिचालन नगरेको पाइएमा हामिले तुरुन्त गाउँपालिकामा सुचना दिनेछौं । असुल उपर गराउने दायित्व हामी स्वयंमा रहने छ ।

वडा प्रतिनिधि कम्तिमा १ जना

| नाम थर | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |

समाजसेवि तथा वुद्धिजिवी कम्तिमा १ जना

| नाम थर | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३ . | | |

सधियार छर छिमेकी कम्तिमा ३ जना

| नाम थर | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३ . | | |
| ४. | | |
| ५. | | |